# ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी र होमस्टे दर्ता सम्बन्धी जानकारी पुस्तिका


प्रदेश सरकार

पर्यटन, वन तथा वातावरण मन्त्रालय

**पर्यटन कार्यालय**

कोशी प्रदेश, धरान, सुनसरी

फोन नं. ०२५-५३५०१३, इमेल:- **tourismdharan@gmail.com**

वेबसाइट:- **tourismdharan.koshi.gov.np**, प्लस कोड: **R7FP+95 Dharan**

१. अनुसूची-१ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

२. दरखास्त साथ देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछः-

(क) प्रबन्धपत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि (कम्पनीको हकमा)

(ख) प्रचलित कानून बमोजिम उद्योग/फर्म दर्ता भएको प्रमाणपत्र र बोधार्थ पत्रको प्रमाणित प्रतिलिपि

(ग) फर्मको रूपमा दर्ता भएका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको हकमा कम्तीमा **रु. १५ लाख चालु पूँजी** र **रु. ७ लाख चुक्ता पूँजी** खुलेको प्रमाणपत्र र शेयर भए शेयर लगतको प्रमाणित प्रतिलिपि

(घ) कम्पनीको रूपमा दर्ता भएको ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको लागि कम्तीमा **रु. २५ लाख चालु पूँजी** र **रु. १० लाख चुक्ता पूँजी** खुलेको प्रमाणपत्र र शेयर लगतको प्रमाणित प्रतिलिपि

(ङ) प्रोप्राइटर, साझेदारी वा संस्थापक शेयरधनी नेपाली नागरिक भए निजको नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र विदेशी नागरिक भए निजको राहदानी र नेपाल सरकारले जारी गरेको प्रवेशाज्ञा (भिसा) को प्रमाणित प्रतिलिपि, व्यवसाय गर्न पाउने नेपाल सरकारको आधिकारिक अनुमति पत्र, नेपाल सरकारद्वारा प्रदान गरिएको उद्योग वा व्यवसाय गर्ने इजाजतपत्र र प्रचलित कानून बमोजिमको अन्य कागजात

(च) प्रोप्राइटर, साझेदारी वा संस्थापक शेयरधनीको दुई/दुई प्रति फोटो सहितको व्यक्तिगत विवरण

(छ) कार्यालय आफ्नो भवनमा भए सोको नक्सा, घरजग्गाको तिरो तिरेको रसिद र जग्गाधनी प्रमाणपूर्जाको प्रमाणित प्रतिलिपि, भाडामा लिने भए घरधनीसँगको सम्झौताको प्रमाणित प्रतिलिपि

(ज) व्यक्ति, फर्म वा कम्पनीको कबुलियतनामा

(झ) शर्त सम्बन्धी कबुलियतनामा

(ञ) एकभन्दा बढी प्रोप्राइटर/सञ्चालक भएको अवस्थामा ती मध्ये कुनै एक जनालाई प्रोप्राइटर/शेयरधनीको निर्णयानुसार अख्तियारी दिएको भए त्यस्तो कागजातको प्रतिलिपि

(ट) **रु. १ लाख** बराबरको बैङ्क ग्यारेन्टी गरेको खुल्ने सक्कलै कागज प्रमाण

(ठ) स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ड) कम्पनी/फर्म दर्ता गरेको एक आर्थिक वर्ष भुक्तान गरेको भए अघिल्लो वर्षको लेखा परीक्षण प्रतिवेदन र आय विवरण बुझाएको प्रमाण र करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ढ) सम्बन्धित स्थानीय तहको व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

३. दरखास्त प्राप्त भएपछि आवश्यक जाँचबुझ गरी इजाजतपत्र दिन उपयुक्त देखिएमा ऐनको दफा ३ को उपदफा (३) बमोजिम इजाजतपत्र दिने निर्णय गरिनेछ।

४. इजाजतपत्र दिने निर्णय भएपछि अनुसूची-१३ मा तोकिएको इजाजतपत्र दस्तुर (रु. १५०००/-) बैङ्कमा जम्मा गरेको भौचर (सक्कल वा प्रतिलिपि) संलग्न गर्न लगाई इजाजतपत्र दिइनेछ।

५. इजाजतपत्र हराए वा नासिएमा सोको प्रतिलिपि लिन दरखास्त साथ रु. २०००/- बैङ्कमा जम्मा गरेको भौचर राखी इजाजतपत्रको प्रतिलिपि दिइनेछ।

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्रको नवीकरण

१. इजाजतपत्रको अवधि एक वर्षको हुनेछ। म्याद समाप्त हुन अगावै अनुसूची-३ बमोजिमको ढाँचामा दरखास्त दिनुपर्नेछ।

२. गत आ.व. को करचुक्ता प्रमाणपत्र र अनुसूची-१७ बमोजिमको वार्षिक प्रतिवेदन संलग्न गर्नुपर्नेछ।

३. नवीकरण गर्न उपयुक्त देखिएमा अनुसूची-१३ बमोजिमको नवीकरण दस्तुर (रु. ५०००/-) बैङ्कमा जम्मा गरेको भौचर राखी इजाजतपत्र नवीकरण गरिनेछ।

४. म्याद समाप्त भएपछि नवीकरण गर्न चाहेमा, पहिलो तीन महिनासम्म नवीकरण दस्तुरको २५% थप र सोभन्दा पछि पुन: तीन महिनासम्म नवीकरण दस्तुरको शतप्रतिशत थप नवीकरण दस्तुर लाग्नेछ।

## ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको इजाजतपत्र खारेजी

१. ऐनको दफा ८ बमोजिम निलम्बन भएको ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले निलम्बनको अवधि समाप्त भएपछि पुन: सोही प्रकृतिको कार्य गरेमा मन्त्रालयले इजाजतपत्र खारेज गर्न सक्नेछ।

१. म्याद समाप्त भएको मितिले ६ महिनासम्म इजाजतपत्रको नवीकरण नगरेमा मन्त्रालयले सूचना प्रकाशन गरी त्यस्तो इजाजतपत्र खारेज गर्नेछ। (नियमावलीको नियम ७ को उपनियम (५))

## होमस्टे दर्ता (होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७)

१. अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

२. निवेदन साथ देहायका कागजात संलग्न गर्नुपर्नेछ।

(क) सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र

(ख) जग्गाधनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ति यकिन हुने प्रमाण, मञ्जुरीनामा र भाडाको जग्गा वा भाडाको घरमा सञ्चालन गर्ने भए कम्तीमा तीन वर्षको जग्गा वा घरभाडा सम्झौताको प्रतिलिपि

(ग) शहरी क्षेत्रभित्र भए नक्सा पासको प्रतिलिपि

(घ) घरजग्गा स्पष्ट देखिने फोटो

(ङ) होमस्टे सञ्चालकको दुई/दुई प्रति फोटो र नागरिकता प्रमाणपत्रको प्रतिलिपि

(च) फर्मको रूपमा दर्ता भई सामुदायिक होमस्टे सञ्चालन गर्नेको हकमा

- कम्तीमा ५ जना घरधनीले सामूहिक रूपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता पत्र
- फर्म दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- कार्य गर्न मञ्जुर भइ साक्षीको रोहवरमा सही छाप भएको अनुसूची-९ बमोजिमको ढाँचाको विधान २ प्रति

(छ) आधारभूत प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि

(ज) प्रस्तावनापत्र (जसमा होमस्टे सञ्चालनको उद्देश्य, स्थानीय उत्पादन, स्थानीय बसोबास तथा साँस्कृतिक विवरण, हेर्न सकिने प्राकृतिक, धार्मिक तथा अन्य आकर्षण, प्रमुख मार्गबाट पुग्ने मार्गको विवरण तथा दुरी, बिजुली तथा वैकल्पिक उर्जा, खानेपानी आपूर्ति, शान्ति सुरक्षाको अवस्था, उपलब्ध हुने सेवा तथा खानाको मेनुको विवरण, सम्पर्क नम्बर लगायतका विवरण खुलेको हुनुपर्ने)

(झ) अनुसूची-२ बमोजिमको मापदण्ड पूरा गरेको हुनुपर्नेछ।

(ञ) होमस्टे दर्ताको निवेदन प्राप्त भएपछि सम्बन्धित कार्यालयले १५ दिनभित्र स्थलगत अनुगमन गरी जाँचबुझ गर्नेछ।

(ट) स्थलगत अनुगमन गर्दा मापदण्ड पुरा गरेको देखिएमा देहाय बमोजिमको दस्तुर लिई होमस्टे दर्ता गरी अनुसूची-३ बमोजिमको ढाँचामा प्रमाणपत्र दिइनेछ।

- निजी होमस्टेको हकमा रु. २०००/-
- सामुदायिक होमस्टेको हकमा रु. ५०००/-

(ठ) कार्यालयले अनुसूची-९ बमोजिमको ढाँचाको विधान दुई प्रति दर्ता गरी एक प्रति होमस्टे सञ्चालकलाई उपलब्ध गराउनेछ।

(ड) होमस्टे दर्ता गरेपछि सोको जानकारी मन्त्रालयमा पठाइनेछ।

(ढ) जंगलस्टे र टेण्टस्टे सञ्चालन गर्नका लागि अनुमति प्राप्त गर्न होमस्टे सञ्चालकले विवरण खुलाई सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्नेछ। निवेदन प्राप्त भएपछि आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा रु. १०००/- दस्तुर लिई बढीमा ९० दिनको लागि अनुमति प्रदान गर्न सकिनेछ।

## होमस्टेको नवीकरण

१. होमस्टेको अवधि एक वर्षको हुनेछ र त्यस्तो अवधि भुक्तान भएको २ महिनाभित्र नवीकरणको लागि दरखास्त दिनुपर्नेछ।

२. नवीकरणको लागि देहायको कागजात संलग्न राखी अनुसूची-४ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

(क) अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन

(ख) करचुक्ता प्रमाणपत्र

(ग) अनुसूची-५ बमोजिमको वार्षिक प्रगति प्रतिवेदन

(घ) सामुदायिक होमस्टेको हकमा व्यवस्थापन समितिको निर्णयको प्रतिलिपि

३. नवीकरण दस्तुर देहाय बमोजिम लाग्नेछ।

(क) निजी होमस्टेको हकमा रु. ५००/-

(ख) सामुदायिक होमस्टेको हकमा रु. १००/- प्रति घरका दरले हुन आउने एकमुष्ट रकम

४. तोकिएको म्यादभित्र नवीकरण हुन नसकेका होमस्टेले नवीकरण गर्न निवेदन दिएमा म्याद समाप्त भएको ४ महिनाभित्र नवीकरण दस्तुरको ५०% र त्यसपछिको ६ महिनाभित्र नवीकरण दस्तुरको १००% थप दस्तुर लिई नवीकरण गर्न सकिनेछ।

## होमस्टेको नामसारी

१. अनुसूची-६ बमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ।

२. निवेदन साथ देहाय बमोजिमका कागजात संलग्न गर्नुपर्नेछ।

(क) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा सञ्चालक समितिको सिफारिस तथा निजी होमस्टेको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस

(ख) जग्गाधनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ति यकिन हुने प्रमाण, मञ्जुरीनामा वा भाडामा लिएको जग्गा वा घर भए सोको सम्झौताको प्रतिलिपि र सहरी क्षेत्रभित्र भएमा नक्सा पासको प्रतिलिपि

(ग) होमस्टे नामसारी गरी दिने तथा लिने दुवैको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(घ) होमस्टे नामसारी गरी दिने तथा लिने बिच नामसारीको लागि भएको सम्झौता

(ङ) होमस्टेको लेखा परीक्षण प्रतिवेदन

(च) होमस्टे दर्ताको प्रमाणपत्र

३. निवेदन प्राप्त भएपछि कागजात जाँचबुझ गर्दा उपयुक्त देखिएमा नामसारी गरी दिने र लिने दुवै पक्षलाई संलग्न गराई सम्बन्धित कार्यालयले नामसारी गरिदिनेछ।

४. होमस्टे नामसारी गर्दा सामुदायिक होमस्टेको हकमा सञ्चालकले गरेको लगानी र प्रतिफल प्रदेशको प्रचलित फर्म दर्ता सम्बन्धी कानून बमोजिम हुनेछ।

## होमस्टेको खारेजी

१. नवीकरणको म्याद भुक्तान भएको १ वर्षभित्र पनि नवीकरण नगर्ने होमस्टे स्वत: खारेज हुनेछ।

२. कार्यविधि विपरीत होमस्टे सञ्चालन गरेको पाइएमा वा होमस्टे सञ्चालनको भावना विपरीत होटलको आधुनिक संरचना निर्माण गरी होमस्टे सञ्चालन गरेमा सम्बन्धित कार्यालयले होमस्टेको दर्ता खारेज गर्न सक्नेछ।

३. दर्ता खारेज गर्नु अघि होमस्टे सञ्चालकलाई स्पष्टीकरण पेश गर्ने मनासिव मौका दिइनेछ।

४. होमस्टे दर्ता खारेज भए पनि होमस्टेले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई तिर्नु बुझाउनु पर्ने बाँकी वक्यौताबाट उन्मुक्ति पाउने छैन।

५. होमस्टे स्वेच्छाले बन्द गर्न चाहेमा सम्बन्धित स्थानीय तहको सिफारिस सहित तिर्नु बुझाउनु पर्ने राजस्व जम्मा गरी कारण सहित निवेदन दिनुपर्नेछ। निवेदन प्राप्त भएपछि होमस्टेले बाँकी राजस्व दाखिला गरे नगरेको यकिन गरी होमस्टे बन्द गरी सोको अभिलेख अद्यावधिक गरिनेछ।

## वार्षिक प्रतिवेदन

ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीले *पर्यटन विकास नियमावली, २०७७* को अनुसूची-१७ बमोजिमको ढाँचामा र होमस्टे सञ्चालकले *होमस्टे सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७* को अनुसूची-५ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र कार्यालयमा पेश गर्नुपर्नेछ।

## अनुसूची-२

## होमस्टे सञ्चालनका आधारभूत मापदण्ड

### १. होमस्टेका लागि घर, कोठा र शैय्या

(क) सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरू मौलिक संस्कृति झल्किने र हावाहुरी, वन्यजन्तु आदिबाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफा-सुग्घर हुनुपर्नेछ।

(ख) पाहुनाको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई बेड भएको हुनुपर्ने र बढीमा चार कोठा र आठ बेड मात्र राख्न पाइने र कोठाको उचाइ कम्तीमा आठ फीटको हुनुपर्नेछ।

(ग) एउटा कोठामा बढीमा दुई वटा मात्र ओछ्यान रहनुपर्नेछ। ओछ्यान कम्तीमा ६.५ फीट लम्बाई र ३ फीट चौडाईको हुनुपर्नेछ।

(घ) भूँइमा कार्पेट वा गुन्द्री ओछ्याएको हुनुपर्नेछ।

(ङ) ढोकामा खुट्टा पुछ्ने बोरा वाडो र म्याट भएको हुनुपर्नेछ।

(च) नरम खालको सेतो तन्ना भएको र सेतो खोल भएका ओढनेको व्यवस्था हुनुपर्नेछ।

(छ) भित्तामा वा ढोकाको पछाडिपट्टि लुगा झुण्डयाउने व्यवस्था भएको हुनुपर्नेछ।

(ज) कोठामा विजुली बत्ती वा लाल्टिन वा मैन वा टुकी पानस बाल्ने व्यवस्था हुनुपर्नेछ।

(झ) सुत्ने कोठामा धुवाँ आउने हुनुहुँदैन साथै भान्सा कोठा र भऱ्याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग हुनुहुँदैन।

(ञ) सुत्ने कोठामा सुन्दर दृश्यहरू र स्थानीय संस्कृति झल्कने तस्वीरहरू भएमा राम्रो हुनेछ।

(ट) फोहोर फाल्ने एउटा टोकरी (डस्टविन) को व्यवस्था हुनुपर्नेछ।

(ठ) प्रत्येक पाहुनाका लागि एक जोर चप्पलको व्यवस्था हुनुपर्नेछ।

(ड) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्डयाएको हुनुपर्नेछ।

(ढ) सुत्ने कोठामा चिया टेबुलको व्यवस्था गरिएको हुनुपर्नेछ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ।

(त) पर्यटकले देख्ने ठाउँमा त्यस होमस्टेका फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ।

(थ) घर वरपर फूलहरू रोपेर सुन्दर वातावरण बनाउनु पर्दछ।

(द) पर्यटकले पालना गर्नुपर्ने अनुसूची-८ बमोजिमका आचारसंहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नुपर्नेछ र सो आचारसंहिताको बारेमा पाहुनालाई सुरुमै जानकारी दिनुपर्नेछ।

(ध) सञ्चारका न्यूनतम सुविधाहरू जस्तै टेलिफोन वा इन्टरनेटको व्यवस्था भएमा उपयुक्त हुने।

(न) कोसेली घर व्यवस्थापनको लागि आवश्यक कक्ष हुनुपर्ने।

(प) मेनुमा उल्लेख भए बाहेकका अन्य क्रियाकलाप/सेवामा पर्यटकहरूलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन।

## २. शौचालय र स्नानघर

(क) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्ने।

(ख) सुविधायुक्त, अपाङ्ग तथा बालमैत्री र सफा शौचालय हुनुपर्नेछ।

(ग) होमस्टे सञ्चालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नानघरको व्यवस्था मिलाउनुपर्नेछ।

(घ) स्नानघरमा पानीको बाल्टी, मग, साबुन, रुमाल आदि आधारभूत बस्तुहरू हुनुपर्नेछ।

## ३. भान्सा कोठा र खाना खाने व्यवस्था

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई, भैंसी अथवा भेडा, बाख्रा, सुँगुर, कुखुरा आदि बाँध्न वा पाल्न पाइने छैन।

(ख) धेरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुल्हो) भएको हुनुपर्नेछ। बायोग्याँस वा गोबरग्याँसको उपयोगलाई प्राथमिकता दिनुपर्नेछ।

(ग) पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नुपर्नेछ।

(घ) स्थानीय खानाका परिकारहरूलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रबन्ध हुनुपर्नेछ।

(ङ) सानो तथा मौलिक खालको डाइनिङ्ग टेबलको प्रबन्ध भए राम्रो हुनेछ।

(च) खानाको परिकारको सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका बस्तुहरू र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मेनुको व्यवस्था भएको हुनुपर्ने।

## ४. स्वास्थ्य, सरसफाई तथा सुरक्षा

(क) बास बस्ने कोठा तथा सुत्ने विस्तारामा किरा, लामखुट्टे आदिबाट सुरक्षित भएको हुनुपर्नेछ।

(ख) सामुदायिक रूपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुला नाली र ढल नभएको हुनुपर्नेछ।

(ग) वातावरणमैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरूको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, फूलबारी र वृक्षारोपण गरी हरियाली हुनुपर्नेछ।

(घ) घरायसी र वातावरणीय सरसफाईको राम्रो व्यवस्था हुनुपर्नेछ र फोहोरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहोरको छुट्टाछुट्टै व्यवस्था भएको हुनुपर्नेछ।

(ङ) होमस्टे वरपर फूलबारीको व्यवस्था गरेको हुनुपर्दछ।

## दस्तुर

### ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीको लागि

(१) इजाजत दस्तुरः- रु. १५०००/-

(२) नवीकरण दस्तुरः- रु. ५०००/-

- म्याद समाप्त भएको पहिलो ३ महिनासम्म रु. ६२५०/-(२५% थप)
- म्याद समाप्त भएको ४-६ महिनासम्म रु. १००००/- (१००% थप)

(३) प्रतिलिपि इजाजतपत्र दस्तुरः- रु. २०००/-

(४) शाखा विस्तार दस्तुरः- इजाजतपत्र दस्तुरको २५% (रु. ३७५०/-) प्रति शाखा

### होमस्टेको लागि

(१) दर्ता दस्तुरः-

(क) निजी होमस्टेः- रु. २०००/-

(ख) सामुदायिक होमस्टेः- रु. ५०००/-

(२) नवीकरण दस्तुर (म्याद भुक्तान भएको २ महिनाभित्र) -

(क) निजी होमस्टेः- रु. ५००/-

(ख) सामुदायिक होमस्टेः- रु. १००/- प्रति घरका दरले हुन आउने एकमुष्ट रकम

(ग) म्याद समाप्त भएपछिको

- ४ महिनाभित्र नवीकरण दस्तुरको थप ५०%
- त्यसपछिको ६ महिनाभित्र नवीकरण दस्तुरको थप १००%

### थप जानकारी

ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी र होमस्टे सम्बन्धी थप कुरा बुझ्न परेमा वा अन्य जानकारी आवश्यक भएमा यस कार्यालयको वेबसाइट https://tourismdharan.koshi.gov.np भ्रमण गर्नुहोला। साथै सोही वेबसाइटको स्रोत मेनुबाट ऐन, नियमावली र कार्यविधि तथा प्रतिवेदन मेनुबाट विभिन्न अनुसूचीका नमूनाहरू डाउनलोड गर्न सकिनेछ।